# महिला उद्यमी समुन्नति पुरस्कार वितरण कार्यविधि,

# २०८२

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ८६।०८२
दर्ता मिति: २०८२।१२।०२

नि. सचिव

## महिला उद्यमी समुन्नति पुरस्कार वितरण कार्यविधि, २०८२

**प्रस्तावना:** राष्ट्रिय महिला सशक्तीकरण परियोजना अन्तर्गत महिला उद्यमी समुन्नति पुरस्कार वितरण कार्यक्रम सञ्चालन प्रक्रियालाई सरल, सहज, प्रभावकारी र पारदर्शी बनाउन तथा समुदायमा उत्कृष्ट नमुनायोग्य कार्य गरेका सफल उद्यमीलाई प्रोत्साहन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "महिला उद्यमी समुन्नति पुरस्कार वितरण कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "पुरस्कार" भन्नाले महिला उद्यमी समुन्नति पुरस्कार सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(ग) "महिला उद्यमी" भन्नाले स्थानीय स्रोत, साधन र सीपको प्रयोग गर्दै आफ्नो स्वामित्व वा साझेदारीमा उद्यम/व्यवसाय/उद्योग सञ्चालन गरी स्वयम रोजगार भई अन्य व्यक्तिलाई समेत पूर्ण वा आंशिक रूपमा रोजगारी प्रदान गर्ने महिला सम्झनुपर्छ।

३. **पुरस्कार प्रदान गरिने:** (१) सातै प्रदेशबाट एक/एक जना महिला उद्यमीलाई उद्यमशीलता विकास, स्थानीय रोजगारी सिर्जना गरी समाजमा अनुकरणीय योगदानको प्रोत्साहन र कदर गर्दै राष्ट्रिय महिला अधिकार दिवसको अवसरमा पुरस्कार र सम्मानपत्र प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने पुरस्कार रकम प्रति महिला उद्यमी रु. एक लाख मात्र हुनेछ । सो पुरस्कार रकममा नियमानुसार कर लाग्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रदान गरिने सम्मानपत्रको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ।

४. **सूचना प्रकाशन गर्ने:** (१) मन्त्रालयले पुरस्कार वितरण गर्ने प्रयोजनको लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा पन्ध्र दिने समय दिई सूचना प्रकाशन गर्नेछ। सो सूचना मन्त्रालयको वेवसाइटमा समेत राख्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचनाको जानकारी मन्त्रालयले महिला उद्यमी महासंघ, नेपाल उद्योग वाणिज्य महासंघ तथा प्रदेश सामाजिक विकास मन्त्रालयलाई दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रथम पटक सूचना प्रकाशन गरेको १५ दिने म्यादभित्र आबश्यक आवेदन प्राप्त हुन नसकेमा पूनः सात दिने सूचना प्रकाशन गरि आवेदन आह्वान गर्नुपर्नेछ।

५. **आवेदन पेश गर्ने:** पुरस्कार प्राप्त गर्न योग्यता पुगेका महिला उद्यमीले दफा ४ बमोजिमको सूचनामा दिइएको म्यादभित्र अनुसूची-२ बमोजिमको आवेदनको ढाँचामा उल्लिखित कागजात संलग्न गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ। आवेदन मन्त्रालयको इमेल ठेगाना pup.mowcsc@gmail.com/ info@mowcsc.gov.np मा समेत पठाउन सकिनेछ।

६. **योग्यता:** पुरस्कार प्राप्त गर्ने महिला उद्यमीहरुको योग्यता निम्नानुसार हुनुपर्नेछ :-

(क) महिलाले आफ्नै नामबाट एकल वा साझेदारीमा उद्यम/उद्योग दर्ता गरी विगत तीन वर्षदेखि निरन्तर रूपमा उद्यम/उद्योग/व्यवसाय सञ्चालन गरेको,

(ख) स्थायी लेखा नम्बरमा दर्ता गरी कर चुक्ता प्रमाणपत्र लिएको,

(ग) स्थानीय स्तरमा रोजगारी सिर्जना गरेको,

(घ) श्रम सम्बन्धी प्रचलित कानूनहरूको पालना गरेको र लैङ्गिक मैत्री वातावरण कायम गराएको,

(ङ) स्थानीय स्रोत, साधन र सीपको उपयोग गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सहयोग पुऱ्याएको,

(च) उत्पादित वस्तु तथा सामग्री स्वदेश वा विदेशमा बिक्री वा निर्यात गर्ने गरेको,

(छ) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

७. **पुरस्कार सिफारिस समिति:** पुरस्कारको लागि दफा ५ बमोजिम प्राप्त आवेदनहरु मूल्याङ्कन गरी मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको पुरस्कार सिफारिस समिति रहनेछ।

(क) सहसचिव, महिला सशक्तीकरण महाशाखा, म.बा.तथा ज्ये.ना.म -संयोजक

(ख) उपसचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(ग) उपसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(घ) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा वा कानून तथा फैसला शाखा, म.बा.तथा ज्ये.ना.म-सदस्य

(ङ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ -सदस्य

(च) प्रमुख, राष्ट्रिय महिला सशक्तीकरण परियोजना, म.बा.तथा ज्ये.ना.म -सदस्य

(छ) अधिकृत, राष्ट्रिय महिला सशक्तीकरण परियोजना, म.बा.तथा ज्ये.ना.म -सदस्य सचिव

सिफारिस समितिले आवश्यकता अनुसार विषय विज्ञ समेतलाई आमन्त्रण गर्न सक्नेछ।

८. <u>पुरस्कार सिफारिस समितिको काम कर्तव्य र अधिकार:</u>

(क) पुरस्कार सिफारिस समितिले अनुसूची-३ मा उल्लेख भए बमोजिमको आधारमा प्राप्त आवेदनको मूल्याङ्कन गर्नेछ।

(ख) पुरस्कार सिफारिस समितिले आवेदन मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सातजना (प्रत्येक प्रदेशबाट एक/एक जना पर्ने गरी) महिला उद्यमी छनौट गरी अन्तिम निर्णयका लागि मन्त्रालय समक्ष नामावली सिफारिस साथ पेश गर्नुपर्नेछ ।

(ग) पुरस्कारको लागि महिला उद्यमी छनौट तथा सिफारिस गर्दा छनौट समितिले निष्पक्ष तथा पारदर्शी रूपमा गर्नुपर्नेछ।

९. <u>पुरस्कृत उद्यमी महिलाको नामावली सार्वजनिकीकरण:</u> मन्त्रालयले दफा ७ बमोजिम पुरस्कारको लागि छनौट भएका महिला उद्यमीको नामावली मन्त्रालयको वेवसाइटमा राखी सार्वजनिक गराईनेछ।

१०. <u>छनौट प्रक्रियामा समावेश नगरिने:</u> मन्त्रालयबाट यसभन्दा पहिले पुरस्कार प्राप्त गरिसकेका महिला उद्यमीलाई छनौट प्रक्रियामा समावेश गरिनेछैन।

अनुसूची -१

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

सम्मानपत्रको ढाँचा

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# सम्मानपत्र

श्री .................

.................. ।

तपाईले ..................स्थापना गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्दै आर्थिक विकास र समृद्धिमा पुऱ्याउनु भएको विशिष्ट योगदानको सम्मान र उच्च मूल्याङ्कन गर्दै ........ प्रदेशबाट उत्कृष्ट महिला उद्यमीको रूपमा छनौट भई ..... **राष्ट्रिय महिला अधिकार दिवस,** ... को सुअवसरमा " **महिला उद्यमी समुन्नति पुरस्कार,** ......." बाट सम्मानित हुनु भएकोमा पुरस्कार स्वरूप नगद रु. १,००,०००/- (अक्षरेपी रु. एक लाख) सहित यो सम्मानपत्र प्रदान गरिएको छ ।

पुरस्कृत हुनु भएकोमा हार्दिक बधाइ ज्ञापन गर्दै आगामी दिनमा पनि यहाँको सक्रिय योगदानको अपेक्षा र उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

| ........................... | ........................... | ........................... |
|---|---|---|
| सहसचिव | सचिव | मन्त्री |

मिति:



नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

प्र. सचिव

अनुसूची -२
(दफा ५ सँग सम्बन्धित)
**आवेदनको ढाँचा**

फोटो

श्री महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः पुरस्कारका लागि आवेदन पेश गरेको सम्बन्धमा।

महोदय,

नेपाल सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मिति ............ मा प्रकाशित सूचना बमोजिम महिला उद्यमी समुन्नति पुरस्कारको लागि देहायबमोजिमको विवरण तथा कागजात संलग्न गरी यो आवेदन पेश गरेको छु ।

१. नाम थरः (क) नेपालीमा - (ख) अंग्रेजीमा -
२. ठेगानाः (क) अस्थायी ठेगाना- (ख) स्थायी ठेगाना- सम्पर्क नं. इमेल ठेगानाः
३. उद्योग व्यवसायको नामः
४. उद्योग/व्यवसायको विवरणः
५. उद्योगको प्रकृति र कार्यक्षेत्रः
६. भौगोलिक कार्यक्षेत्रः जिल्ला/महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका.........

**अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) उद्योग सञ्चालकको नागरिकताको प्रतिलिपि,
(ख) उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि (स्थानीय पालिका र उद्योग विभाग)
(ग) गत आ.व.को करचुक्ता गरेको प्रमाण/रसिद,
(घ) उद्योग नवीकरण गरेको कागजात,
(ङ) उद्योग व्यवसायको गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र र लेखापरीक्षणको प्रतिलिपि,
(च) गत आ.व.को कुल कारोबार रकम
(छ) स्थायी रुपमा रोजगार प्रदान गरेको विवरण/संख्या (लिङ्ग खुल्ने गरी, सम्पर्क नं समेत),
(ज) रोजगार प्राप्त गर्नेको प्रमाणित तलबी प्रतिवेदन (कम्तिमा पछिल्लो ६ महिनाको अनिवार्य),
(झ) रोजगारदाता र कामदारको विचमा कार्य सम्वन्धि गरिएको सम्झौताको पत्र ,
(ञ) उद्योगमा प्रयोग हुने कच्चा पदार्थको विवरण/संख्या,
(ट) स्थानीय तहको सिफारिस (निरन्तर सञ्चालन भएको),

चिव

(ठ) विगतमा महिला समुन्नति पुरस्कार नपाएको स्वघोषणा पत्र (दोहोरो पर्न गएमा उद्यमी स्वयःले कानून बमोजिम क्षतिपूर्ति व्यहोर्नु पर्नेछ),

(ड) अनुमानित बार्षिक कारोवार तथा खुद आयको विबरण ,

माथि उल्लिखित व्यहोरा तथा कागजात ठीक साँचो हो। झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

...........................

निवेदकको नाम र दस्तखत

संस्थाको छाप

**नोटः** आवेदकले आवेदन मन्त्रालयको छाप भएको ढाँचामा नभई स्वयंमले तयार गरी पेश गर्नुपर्नेछ।

अनुसूची - ३
दफा ७ को उपदफा (२) सँग सम्बन्धित
**मूल्याङ्कनको आधार**

| सि.नं | मूल्याङ्कनका आधार | अंकभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | **रोजगार प्रदान गरेको संख्या (महिला/पुरूष दुबै)** | १५ | | |
| | • १० जना वा सो भन्दा बढी व्यक्तिलाई रोजगार प्रदान गरेको<br>• ५ देखि ९ जना सम्मलाई रोजगार प्रदान गरेको<br>• १ देखि ४ जना सम्मलाई रोजगार प्रदान गरेको | १५<br>१०<br>५ | | |
| २. | **रोजगार प्राप्त महिलाको मात्र संख्या** | १५ | | |
| | • १० जना वा सो भन्दा बढीलाई रोजगार प्रदान गरेको<br>• ५ देखि ९ जना सम्मलाई रोजगार प्रदान गरेको<br>• १ देखि ४ जना सम्मलाई रोजगार प्रदान गरेको | १५<br>१०<br>५ | | |
| ३. | **उद्योग सञ्चालन अवधि (वर्ष अनुसार अङ्क बढाउने)** | १० | | |
| | • तीन वर्ष भन्दा बढी भएमा प्रत्येक वर्ष १ अङ्कको दरले बढाउने अधिकतम)<br>• तीन वर्ष मात्र पूरा भए न्यूनतम | १०<br>५ | | |
| ४. | **महिलाहरूलाइ उधमी बनाउन सहयोगी कार्यक्रम सञ्चालन गरेको** | १० | | |
| | • लेवलिङ, प्याकेजिङ, वजार, बजारीकरण, प्रचार प्रसार, विज्ञापन र सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी तालिम सञ्चालन गरेको प्रमाणित हुने सबै कागजात भएमा<br>• वजार, बजारीकरण, प्रचार प्रसार, विज्ञापन र सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी तालिम मात्र सञ्चालन गरेको प्रमाणित हुने कागजात भएमा<br>• लेवलिङ, प्याकेजिङ, वजार, बजारीकरण, प्रचार प्रसार, विज्ञापन गरेको प्रमाणित हुने कागजात भएमा | १०<br>७<br>५ | | |
| | **जम्मा अङ्क** | **५०** | | |